सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५१ | गान्तोक, (मंगलबार) सितम्बर ११, २०१८ | अङ्क ३७

## स्वतन्त्रता सेनानीहरूको भारत बनाउने सपनाको जिम्मा युवाको काँधमा छः राज्यपाल

**गान्तोक।**
५ अगस्तका दिन राज्यपाल गङ्गा प्रसाद बुधबार पूर्व सिक्किमको बरदाङस्थित एटीटीसीमा आयोजित शिक्षक दिवस कार्यक्रममा मुख्य अतिथिका रूपमा सहभागी बन्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै राज्यपाल प्रसादले शिक्षकहरूलाई साँचो राष्ट्र निर्माताको संज्ञा दिनका साथै राष्ट्र निर्माणमा शिक्षकहरूको भूमिकामाथि प्रकाश पार्नुभयो।

उहाँले शिक्षकहरूलाई देशका भूतपूर्व राष्ट्रपति स्वर्गीय डा. अब्दुल कलामको विरासतलाई अघि बढ़ाएर लैजान आह्वान गर्नुभयो। उहाँले राष्ट्र निर्माणको दिशामा शिक्षण जीवनपर्यन्त चलिरहेको एउटा जिम्मेवारी रहेको बताउनुभयो। राज्यपाल प्रसादले पौराणिक कालदेखि नै भारतीय संस्कृतिमा शिक्षकहरूलाई देवी-देवतासरह मानिएको बताउनुभयो। पौराणिक समयमा शिक्षकहरूकै कारण भारतलाई विश्वको शिक्षण केन्द्रको रूपमा चिनिने गरिन्थ्यो भन्नुहुँदै शिक्षकहरूकै दृढ सङ्कल्प र समर्पणका कारण भारतलाई विश्वगुरू भनेर चिनिएको बताउनुभयो। उहाँले देशका प्रधानमन्त्रीको मेक इन इण्डिया,स्किल इण्डिया, स्टार्ट अप इण्डिया,डिजिटल इण्डिया आदि योजनाहरूको सन्दर्भमा एटीटीसीजस्ता तक्निकी संस्थानहरूको भूमिकाबारे पनि प्रकाश पार्नुभयो।

संस्थानका विद्यार्थीहरूलाई सम्बोधन गर्नुहुँदै राज्यपालले विद्यार्थीहरूलाई राष्ट्रको आकांक्षाहरूलाई पूरा गर्न कौशल आधारित शिक्षा आर्जन गर्न आह्वान गर्नुभयो। उहाँले देशको स्वतन्त्रतामा युवाहरूको भूमिकामाथि प्रकाश पार्नुहुँदै स्वतन्त्र सेनानीहरूले देखेका सपनाको भारत बनाउने जिम्मेवारी युवाहरूको काँधमा रहेको बताउनुभयो।

## स्पाइसजेटद्वारा मुख्यमन्त्रीलाई पहिलो उडानको टिकट अनि बोर्डिङ पास प्रदान



**गान्तोक।**
स्पाइसजेट एयरलाइन्सका प्रतिनिधिहरूद्वारा ७ सितम्बरका दिन राज्यका मुख्यमन्त्री पवन चामलिङसित उहाँको सरकारी निवासस्थान मिन्तोकगाङमा भेट गर्दै पहिलो उडान टिकट अनि बोर्डिङ पासको स्मृति चिन्ह प्रदान गरियो।

मुख्यमन्त्रीलाई क्षेत्रीय प्रबन्धक (पूर्व) भाष्कर बोरगोहाइन अनि उहाँको टोलीले आगामी ८ अक्टोबरका दिन पाकिम हवाइअड्डाबाट पहिलोपल्ट उडान भर्ने पहिलो वाणीज्यिक उडान स्पाइसजेटको टिकट हस्तान्तरण गरेको हो। यो पहिलो हवाइजाहाज कोलकाता-देखि पाकिम अनि पाकिम-देखि कोलकाता उडने भएको छ। सिक्किमको लाभका लागि राज्यलाई ब्याङ्कक अनि पछि नेपाल र भुटान राष्ट्रसित पनि हवाइ सम्पर्कमा जोडने आफ्नो इच्छा मुख्यमन्त्रीले अघि नै व्यक्त गरिसक्नुभएको छ।

राज्यमा नयाँ शुरूवातका लागि उहाँले स्पाइसजेटलाई बधाई दिनुहुँदै राज्यको उचाईलाई धेरै माथिसम्म लैजानका लागि आफूले लामो यात्रा तय गर्ने इच्छा राखेको कुरा बताउँनुभयो।

## गुरूले समाजमा महत्वपूर्ण स्थान लिएको हुन्छ, उनीहरूले कामको माध्यमबाट उत्कृष्ठता अरूमा बाँट्दछन्ः मुख्यमन्त्री

**गान्तोक।**
गान्तोकस्थित मनन् केन्द्रमा सम्पन्न राज्यस्तरीय शिक्षक दिवसको अवसरमा मुख्यमन्त्री पवन चामलिङ मुख्य अतिथि रहनुभएको थियो। समारोहमा विशिष्ठ अतिथिहरूद्वारा सम्बोधन, पुस्तक विमोचन, पुरसकार वितरण राज्य साक्षरता अभियानमाथि तयार पारिएको लघु फिल्म प्रदर्शन जस्ता कार्यक्रम रहेका थिए।

राज्यस्तरीय समारोहमा मन्त्रीगण, विधायकगण, सल्लाहकार, अध्यक्षगण, विभागीय प्रमुख, मानव संसाधन विकास विभागका अधिकारीगण लगायत राज्यभरिका शिक्षक-शिक्षिकाहरूको उपस्थिति थियो।

मुख्यमन्त्रीले शिक्षणको महान पेशाका पर्याय डा. राधा कृष्णनलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो जसको सम्मानमा देशभरी प्रत्येक वर्ष शिक्षक दिवस पालन गरिन्छ्।

शिक्षक, शिक्षण अनि ज्ञानको बारेमा बोल्नुहुँदै मुख्यमन्त्रीले भन्नुभयो, शिक्षक-शिक्षिकाले समाजमा महत्वपूर्ण स्थान लिएको हुन्छ अनि उनीहरूले कामको माध्यमबाट आफ्नो उत्कृष्ठतालाई अरूमा बाँट्दछन्। शिक्षक-शिक्षिकाको पदोन्नतिको बारेमा बोल्नुहुँदै मुख्यमन्त्रीले योग्यताको स्तरमा पुगेपछि पदोन्नति गरिनेछ भन्नुभयो।

सरकारका गतिविधिहरूबाट शिक्षाको क्षेत्र अधिक प्राथमिकता दिएको कुरा साबित भएको छ अनि राज्यमा अत्याधिक विद्यार्थी मैत्री कार्यक्रमको माध्यमबाट मानव संसाधनको समग्र विकासका लागि सरकारले सबै प्रयास गरिरहेको छ। यस पहलको कारण राज्यमा समृद्ध लाभाङ्श प्राप्त गरेको छ। शिक्षा भनेको सम्पूर्ण समावेशी अनि पूर्वाग्रह मुक्त हो भन्ने कुरा सुनिश्चित गर्नु हाम्रो सरकारको विशेष अधिकार हो। विद्यार्थीहरूलाई मूल्यसित आधारित गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि सरकारको साथमा मिलेर आफ्ना विचारहरूलाई साझा गर्न शिक्षकगणहरूसित आग्रह गर्न चाहन्छु अनि सरकारका कार्यक्रमबाट उनीहरूले लाभ प्राप्त गर्न सकुन भन्ने सुनिश्चित गर्ने उद्देश्यले काम गर्नुपर्छ।, उहाँले भन्नुभयो।

उहाँले यस अवसरमा संकटको सामना गर्नुपरेको समयमा सहयोग प्रदान गर्ने उद्देश्यले रू. १ करोड अनुदान राशिक साथ सिक्किम विद्यार्थी कल्याण बोर्डको घोषणा गर्नुभयो। सिक्किममा वरिष्ठ नागरिक बोर्डको पनि समारोहको अवसरमा घोषणा गर्नुभयो। मुख्यमन्त्री पवन चामलिङले सिक्किम राज्य विश्वविद्यालयको वेबसाइटको पनि शुरूवात गर्नुभयो।

## सत्पाल महाराजद्वारा सप्ताहव्यापी भ्रमण पूरा

**गान्तोक।**
सिक्किम राज्यमा कार्यान्वित जैविक कृषि अनि ग्रामीण पर्यटनको अध्ययन गर्ने उद्देश्य लिएर राजधानी गान्तोक आइपुग्नुभएका उत्तराखण्ड राज्य सरकारको पर्यटन, सिँचाई, भारत-नेपाल उत्तराखण्ड नदी परियोजना मन्त्री सत्पाल महाराज ३-देखि ७ सितम्बरसम्मको सप्ताहव्यापी भ्रमण पूरा गरी ८ सितम्बरको बिहान आफ्नो राज्य फर्किनुभएको छ। ३ सितम्बरका दिन राजधानी गान्तोक आइपुगेको मन्त्री महाराज सहितको ९ सदस्यीय टोलीले राज्यका पूर्व, दक्षिण अनि पश्चिम जिल्लाका विभिन्न स्थानको भ्रमण गर्दै जैविक कृषि साथै ग्रामीण पर्यटनको बारेमा अधिक जानकारी हासिल गऱ्यो।

मन्त्री सत्पाल महाराज सहित उहाँको टोलीले ४ सितम्बरका दिन सिक्किमका मुख्यमन्त्री पवन चामलिङसित उहाँको सरकारी निवासस्थान मिन्तोकगाङमा भेट गऱ्यो। उत्तराखण्ड सरकारका सदस्यहरूलाई सिक्किममा स्वागत एवम् अभिवादन जनाउनुहुँदै मुख्यमन्त्रीले पहाडी राज्य देशकै पहिलो जैविक राज्य बनेको बारेमा बताउनुभयो। उहाँले अघि भन्नुभयो, जैविक आन्दोलन अघि बढिरहेको छ अनि सिक्किमले जैविक राज्य भएर हासिल गरेको ब्राण्डिङ, प्याकेजिङ, विनिर्माण र उपयोगको ब्राण्डलाई युवा जमातले सक्रिय रूपमा प्रयास गर्न अनि प्रदर्शन गर्न आवश्यक छ।

वनस्पति र पशुधनका साथ आशिर्वाद प्राप्त भएको राज्यमा रहनपाउने सिक्किमवासीहरू कति सौभाग्यशाली छन् भन्ने कुरा प्रकाश पार्नुहुँदै मुख्यमन्त्री चामलिङले पर्यटन अनि विशेष गरी ग्रामीण पर्यटन र होमस्टेको क्षेत्रलाई विकसित गर्ने दिशामा राज्य सरकारले गरेका रशायनिक मलको प्रयोगमा प्रतिबन्ध, खासमलमा गौचरणमा रोक अनि अन्य धेरै नीतिहरू जस्ता पर्यावरणीय पहलबारे बताउनुभयो। उहाँले कृषिको महत्वमाथि प्रकाश पार्नुभयो अनि भन्नुभयो, राज्य सरकारले राज्यलाई स्वनिर्भर बनाउने दिशामा जोर दिनका साथै यहाँ अजैविक साग-सब्जीमा प्रतिबन्ध लगाएको हो। उहाँले मुख्यमन्त्री स्टार्पअप योजना अनि राज्य सरकारले जैविक खेती र पर्यटन सम्बन्धित गतिविधि सहित व्यापार कारोबार गर्न शिक्षित युवावर्गलाई ३५ प्रतिशतको छुट उपलब्ध गरेको कुराको अवगत गराउनुभयो। मुख्यमन्त्रीले अतिथिहरूसित देशका सबै हिमाली राज्यहरूलाई जैविक खेती अप्नाउन प्रोत्साहित गर्ने आग्रह गर्नुभयो।

उत्तराखण्ड राज्यका मन्त्री सत्पाज महाराजले सिक्किमलाई देशकै एक उत्कृष्ठ राज्यको रूपमा स्थापित गर्नका लागि पुऱ्याएको योगदानको निम्ति मुख्यमन्त्री पवन चामलिङको प्रशंसा गर्नुभयो। उहाँले ग्रामीण पर्यटन लगायत राज्यलाई उत्कृष्ठ बनाउने अन्य विषयबारे अध्ययन गर्ने उद्देश्यका साथ आफूले सम्पूर्ण सदस्यहरूलाई सिक्किमको भ्रमणमा लिएर आएको कुरा स्पष्ट पार्नुभयो। दुवै राज्यमा धेरै कुरा समान रहेको अनि यी राज्यहरूलाई प्रकृतिको सुन्दरताबाट आशिर्वाद प्राप्त भएको छ र प्राकृतिक संसाधनको उपयोग गर्न अति नै महत्वपूर्ण रहने कुरामाथि महाराजले जोर दिनुभयो। उहाँले अघि भन्नुभयो, केन्द्र सरकारबाट यी दुई राज्यलाई हरित लाभांश प्रदान गर्नुपर्छ ताकि देशका अन्य राज्यले पर्यावरणीय क्षेत्रमा गरिएको पहलको अझ प्रोत्साहन गरुन।

मन्त्री सत्पाल महाराज लगायत उहाँको ९ सदस्यीय टोलीद्वारा पाकिमस्थित राष्ट्रिय सुनाखरी अनुसन्धान केन्द्रको भ्रमण गरियो। उत्तराखण्डबाट आएको यस अध्ययन भ्रमण टोलीलाई केन्द्रका प्रधान सचिव डा. एलसी दे, पाकिमका महकुमा अधिकारी तेञ्जीङ डेञ्जोङपा लगायत अन्य अधिकारीले भव्य स्वागत गर्नुभयो। यस टोलीलाई केन्द्रमा सुनाखरी खेतीको प्रक्रिया, यसका निम्ति विशेष घर, सुनाखरी संग्रहालय र प्रयोगात्मक खेतीको बारेमा जानकारी गराइयो। पावर पोइन्ट प्रस्तुतिकरणमार्फत अध्ययन टोलीलाई सुनखरी खेतीको तथ्य, आँकडा अनि अन्य पक्षबारे विस्तृत रूपमा चर्चा गरियो। पाकिमबाट सोझै मार्ताम पुग्नुभएका मन्त्री सत्पाल महाराजले ग्रामीण पर्यटन बढुवा दिनका लागि लिङताम गाउँलाई स्वच्छ

# मन्त्री लेप्चाद्वारा चेरेञ्जीको सालिङ्ग निर्माणाधीन स्थलको भ्रमण

**पेलिङ।**
राज्य सरकारको नवान्वेषी योजनाअन्तर्गत पश्चिम सिक्किमको साङ्गा छोलिङ निर्माण गरिएको चेरेञ्जी सिङखाम रिवो पोटाला उद्घाटनका लागि लगभग तयार भएको छ। भवन तथा आवास विभागका मन्त्री डीटी लेप्चाको अगुवाईमा अधिकारीगणद्वारा एउटा टोलीले चेरेञ्जी सिङ्खामको उद्घाटनका लागि अन्तिम तयारी गर्ने उद्देश्यमा भ्रमण गरिएको हो। सो अवसरमा क्षेत्र विधायक चन्द्रमाया सुब्बा, मुख्य प्रशासक आर अङ्मु, भवन तथा आवास विभागका सचिव आरबी थापा, धर्म मामिला विभागका मुख्य अभियन्ता, चेरेञ्जी सिङखाम रिवो पोटाला योजनाका मुख्य कार्यकारी अधिकारी, सांस्कृतिक मामिला एवम् धरोहर विभागकी सचिव अम्बिका प्रधान, धर्म मामिला विभागीय सचिव साम्तेन डोमा भोटिया लगायत अन्यको उपस्थिति थियो।

मन्त्री डीटी लेप्चाको अगुवाईमा रहेको टोलीले चेरेञ्जी सिङखाम निर्माण कार्यको निरीक्षण गऱ्यो। यसपछि मन्त्री लेप्चाले चाँडो भन्दा चाँडो रहल काम पूरा गर्न नर्देश दिनुभयो। यो सरकारको एउटा ड्रिम प्रोजेक्ट रहेको पनि उहाँले बताउनुभयो। यसले स्थानीय इतिहास जीवन्त राख्नका साथै क्षेत्रको पर्यटन व्यवसाय पनि मौलाउने बताउनुभयो। उहाँले भन्नुभयो, सिक्किम एउटा यस्तो राज्य हो जहाँ सबै समुदायलाई आफ्नो आस्था र धर्ममा स्वतन्त्रता छ। सिक्किमको यही अद्धितीय विशेषताका कारण पनि पर्यटन क्षेत्रलाई ठूलो टेवा पुग्ने उहाँले बताउनुभयो।

यस अवसरमा मन्त्रीले रहल कार्य चाडै नै पूरा गर्नका लागि क्षेत्र विधायकले पनि निर्माण कार्यको देखरेख गरिदिने सल्लाह दिनुभयो। यसपछि मन्त्री लेप्चा र अधिकारीवर्गको टोलीले चेरेञ्जीको मूर्ति उद्घाटन कार्यक्रमबारे चर्चा गऱ्यो। यसमा ट्राफिक प्रबन्धन, बस्ने व्यवस्थालगायत अन्य गतिविधि सामेल थिए। राज्य सरकारकी मुख्य प्रशासक आर अङ्मुले पनि उद्घाटनको कार्यक्रमबारे थप सुझाउहरु दिनुभयो।

स्मरण गराइन्छ, यो पूर्वाधारको उद्घाटन मुख्यमन्त्री पवन चामलिङले गर्नुहुनेछ। उल्लेख्य, पश्चिम सिक्किमको पेलिङस्थि साङ्गा छोलिङमा निर्माण गरिएको यो १३५ फीट अग्लो चेरेञ्जी सिङ्खाम रिवो पोटाला मुख्यमन्त्री चामलिङको परिकल्पनामा शुरू गरिएको योजना हो। लगभग १० ऐकर जमीनमा निर्माण गरिएको यस योजनाका लागि रू १० करोड खर्च गरिएको छ।

# जिल्ला विकास समन्वयन अनि निगरानी समितिको सभा सम्पन्न

**नाम्ची।**
दक्षिणको जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा सम्पन्न एक दिवसीय जिल्ला विकास समन्वयन अनि निगरानी समिति (डीआइएसएच)को सभालाई लोकसभा सांसद पीडी राईले अध्यक्षका गर्नुभयो।

सभामा दक्षिणकी जिल्ला पञ्चायत अध्यक्ष फरवन्ती तामाङ उपाध्यक्ष भीमबहादुर लाखे, जिल्लापाल प्रभाकर बर्मा,अतिरिक्त जिल्लापाल(विकास) मिलन सुब्बालगायत अन्यको उपस्थिति थियो।

सभामा विशेषगरी प्रधानमन्त्री ग्राम सडक योजना (पीएमजीएसवाइ) राष्ट्रिय ग्रामीण पिउने पानी कार्यक्रम (एनआरडीडब्ल्युपी) अनि स्मार्ट सिटी परियोजना जस्ता ध्वजवाहक कार्यक्रमहरूलाई केन्द्रित गरियो।

सभालाई सम्बोधन गर्नुहुँदै सांसद राईले यस कार्यक्रमलाई सफल बनाउन सम्बन्धित विभाग अनि पञ्चायतहरूमाझ रहेको सही समन्वयनको उहाँले खुलेर प्रशंसा गर्नुभयो।

उहाँले भन्नुभयो, विभाग जिम्मेवारी हुनुपर्छ,प्रभावी रूपरेखा विकसित गर्नुपर्छ अनि गुणस्तरीय आधारभूत पूर्वाधार सुधारको सुनिश्चित गर्नुपर्छ जसको प्रयोग सर्वसाधारणले व्यापक रूपमा गर्दछन्। आवश्यकता परेको खण्डमा सम्बन्धित विभागलाई मार्गदर्शन गर्ने सल्लाहकारको टोली उपलब्ध गराइनेछ जसले ध्वजवाहक कार्यलाई अघि बढाउँदाको समयमा विभागलाई मार्गदर्शन गर्नेछन्। भविष्यमा आवश्यक हुने सन्दर्भका लागि विभागले ध्वजवाहक कार्यक्रमको विभिन्न कुरा सामेल गर्नका साथै दस्तावेजीकरण गरेको व्यापक प्रतिवेदन संकलन गर्न आवश्यक छ।

सर्वसाधारणको लाभका लागि पर्यामैत्री अनि टिकाउ तरिका परियोजना समयमा पूरा गर्नका लागि विभागले सम्बन्धित ठेकादारलाई पीएमजीएसवाइसित संलग्न रहन निर्देश दिनुपर्ने कुरामाथि पनि सांसद राईले जोर दिनुभयो।

समार्ट सिटी परियोजनाबारे बोल्नुहुँदै सांसदले भन्नुभयो,विभिन्न सरोकारवालाहरूसितको परामर्शमा कार्यको प्रगति गरिनुपर्छ। स्मार्ट शहरका लागि व्यवहारिक,आर्थिक अनि प्रौद्योगिक रूपमा नाम्चीलाई उन्नतिको क्षेत्रमा अग्रसर गर्नुपर्छ ताकि सर्वसाधारणको जीवनमा गुणस्तरीय सुधार गर्न सकियोस्।

# राज्यस्तरीय विश्व ज्येष्ठ नागरिक दिवस पालन गरिने निर्णय

**गान्तोक।**
रिटार्यड इम्प्लोइज वेलफेयर एसोसिएशन,तादोङको एउटा शिष्टमण्डलले एसोसिएशनका अध्यक्ष कुबेरचन्द्र दाहालको नेतृत्व मा गत ४ सितम्बरको दिन मुख्यमन्त्री पवन चामलिङसँग उहाँको सरकारी आवास मिन्तोगाङमा शिष्टाचार भेटमा सम्पन्न भएको वार्ताको शुरूमा एसोसिएशनले देशकै संसदीय इतिहासमा सर्वाधिक लामो अवधिसम्म निरन्तर मुख्यमन्त्रीको पदमा रहेक्र कुशलतापूर्वक दायित्व निर्वाहन गरी गौरवमय इतिहास निर्माण गर्न सफल बनेकोमा मुख्यमन्त्रीलाई बधाई तथा उत्तरोत्तर सफलताको शुभकामना व्यक्त गऱ्यो।

एसोसिएशनद्वारा सङ्गठन लगायत समाजहितमा पेश गरिएका प्रस्तावहरूलाई मुख्यमन्त्रीले ध्यानपूर्वक सुन्नुभयो। एसोसिएशनद्वारा राज्यस्तरीय रूपमा विश्व ज्येष्ठ नागरिक दिवस पालन गर्ने समबन्धमा मुख्यमन्त्री समक्ष राखिएको मागलाई सहर्ष स्वीकार्नुहुँदै मुख्यमन्त्रीले यसका निम्ति सरकारले आवश्यक सहयोग गर्ने वचन पनि दिनुभयो। आगामी १ अक्टोबरको दिन गान्तोकमा आयोजना गरिने विश्व ज्येष्ठ नागरिक दिवको उपलक्ष्यमा ७० वर्षभन्दा अधिक उमेरका अवकाशप्राप्त कर्मचारीसहित समाजहितमा योगदान पुऱ्याउने ८० अधिकका वरिष्ठ नागरिकहरूलाई अभिनन्दन गरिने निर्णय भएको छ।

ज्येष्ठ नागरिकहरू परिवार,समाज र राज्यकै गहना भएकोले उनीहरूका सम्मानार्थ समाजले एसोसिएशनलाई सहयोग गर्ने कुरोमा विश्वस्त रहेको बताएको छ।

सिक्किममा पहिलोचोटि राज्यस्तरीय रूपमा सम्पन्न भइरहेको विश्व ज्येष्ठ नागरिक दिवसको सफलताका निम्ति राज्य तथा केन्द्र सरकार अधिनस्थ विभिन्न विभाग तथा संस्थानहरूसमक्ष पनि एसोसिएशनले सहयोगको कामना गरेको छ। यस सम्बन्धमा चयनित ज्येष्ठ नागरिकहरूको हकमा ८० वर्ष वा त्यसमाथिको उमेर प्रमाणित गर्ने कुनै पनि प्रमाण पत्र संलग्न गरेर नाम,ठेगानासहित दुईप्रति पासपोर्ट आकारको फोटो आयोजकवर्ग कहाँ पठाउन निवेदन गरिएको छ। यसका निम्ति मोबाइल ९८३२६-५३६८५,९७४९०-११३६७,९८३२४-५६४१२ तथा ८२५०८-३३२९१ मा सम्पर्क गरेर विस्तृत जानकारी लिन सबैमा अनुरोध गरिएको छ।

भेटघाटको यस अवसरमा सरकारले राज्यमा ज्येष्ठ नागरिक कल्याण बोर्डको शीघ्र गठन गर्ने मुख्यमन्त्रीले घोषणा गर्नुहुँदै यसका निम्ति राज्य सरकारको तत्परतामा गान्तोक क्षेत्रभित्रै एउटा बहुविधायुक्त ज्येष्ठ नागरिक भवन निर्माण गर्ने पनि घोषणा गर्नुभयो।

यस अतिरिक्त अवकाशप्राप्त कर्मचारीहरूले स्वास्थ्य उपचारमा भोगिरहेको आर्थिक कठिनाईबारे मुख्यमन्त्रीलाई जानकारी गराउँदै यो समस्याको स्थायी समाधानका निम्ति पेन्सनर्स हेल्थ इन्योरेन्स प्लान राज्य सरकारद्वारा शुरू गरिदियाजावस् भनी राखेको प्रस्तावलाई मुख्यमन्त्रीले सकारात्मक रूपमा लिनुभयो।

# तादोङस्थित दुर्गा मन्दिरमा श्रीकृष्ण जन्मअष्टमि पर्व पालन

**गान्तोक।**
श्रीकृष्ण जन्मअष्टमिको पूर्व संध्यामा १ सितम्बरका दिन तादोङस्थित दुर्गा मन्दिरमा संस्कार भारती अनि तादोङ दुर्गा मन्दिर समितिको संयुक्त तत्वावधानमा विशेष समारोह आयोजन गरियो। समारोहमा श्रीकृष्ण रूपसज्जा प्रतियोगिता, गुरू सम्मान साथै सहज गीता लोकार्पण कार्यक्रम समावेश गरिएको थियो।

सिक्किम साहित्य परिषदका अध्यक्ष रूद्र पौड्यालको सभापतित्वमा सम्पन्न कार्यक्रममा विश्व हिन्दु परिषद सिक्किम शाखा अध्यक्ष सीपी गीरी, राष्ट्रिय स्वयं सेवक संघका सिक्किम प्रमुख डीसी नेपाल, विध्या भारती सिक्किमका अध्यक्ष छुल्टीम भोटिया लगायत अन्यको उपस्थिति रहेको थियो। समारोहमा ससाना उदाउँदा कलाकारहरूले विभिन्न प्रस्तुतिहरू दिए। यस अवसरमा साहित्य लगायत अन्य विभिन्न क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सिक्किम साहित्य परिषदका अध्यक्ष रूद्र पौड्याललाई अभिनन्दन जनाइयो। संस्कार भारती सिक्किम शाखाका संयुक्त सचिव खुशेन तिमसीनाद्वारा सबै मानिसलाई सहज रूपमा गीता लिएर हिडन सक्ने अनि पठन गर्न सक्ने बनाउने उद्देश्यले प्रकाशित गरेको सहज गीताको पनि यस अवसरमा मुख्य अतिथि लगायत विशिष्ठ अतिथिहरूको बाहुलीबाट लोकार्पण गरियो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्य अतिथि रूद्र पौड्यालले भन्नुभयो, संस्कार भन्नेकुरा बजारमा होइन तर घरमा अनि विशेष गरी अभिभावकबाट पाइन्छ। मानिसको देखावट अनि सम्पन्नताबाट उसको संस्कारको पहिचान हुँदैन, संस्कारको पहिचान मानिसको चरित्रबाट हुन्छ भन्दै प्रत्येक व्यक्तिले बाल्यावस्थाबाट नै सही संस्कार सिकेर अघि बढ्नुपर्छ भनी बताउँनुभयो।

### सत्पाल महाराजद्वारा सप्ताहव्यापी.....

गाउँको रूपमा घोषणा गर्नुभयो। सो अवसरमा उपस्थित रहनुभएका मार्ताम क्षेत्रका विधायक डा. मिचुङ भोटियाले भ्रमण टोलीलाई जैविक खेतीको प्रक्रियाबारे बताउनुहुँदै दैनिक रूपमा मानिसहरूले उपभोग गर्ने कुराको खेतीमा खतर्नाक रशायनको प्रयोगमा राज्य सरकारले लगाएको प्रतिबन्धको बारेमा बताउनुभयो।

आध्यात्मिक गुरू पनि रहनुभएका महाराजले मार्तामस्थित ग्राम विकास केन्द्रको भ्रमण गर्नुहुँदै भक्तजनहरूसित पनि भेट गर्नुभयो।

५ सितम्बरको दिन मन्त्री सत्पाल महाराजसहित अधिकारीगणको टोलीले दक्षिण जिल्लाका विभिन्न स्थानको भ्रमण गऱ्यो। तिमी तार्कुको चिया बगानमा पुगेको यस टोलीलाई तिमी टी स्टेटका अध्यक्ष एमपी चामलिङ लगायत तिमी टीका महाप्रबन्धक लबिन छिरिङ, अधिकारी एवम् कर्मचारीहरूद्वारा स्वागत जनाइयो। चिया कारखाना हेरेर केही जानकारी लिएपछि त्यहाँबाट टोली सोझै च्याम्चेस्थित भारतीय हिमाली साहसिक अनि पर्या पर्यटन केन्द्र (आईएचसीएई) पुग्यो। मन्त्री लगायत अधिकारीको टोलीलाई यहाँ साहसिक पर्यटन, कल्याण अनि योग पर्यटन लगायत संस्थानमा हालै शुरू गरिएको एसएएटीएचआई नामक सामाजिक कार्यक्रमको बारेमा अवगत गराइयो। टोलीद्वारा नाम्चीस्थित सामडुपसे र सिद्धेश्वर धाम (चार धाम) जस्ता तीर्थस्थलहरूको पनि भ्रमण गऱ्यो।

यी दुवै स्थानमा संस्कृति, शिक्षा अनि धार्मिक विश्वासबारे जानकारी लिँदै सिक्किममा यहाँका मुख्यमन्त्री पवन चामलिङको परिकल्पनामा शुरू गरिएका यस प्रकारका महत्वाकांक्षी योजना र पूर्वाधारहरूको टोलीद्वारा प्रशंसा गरियो।

सत्पाल महाराज लगायत टोलीद्वारा लोलोफोक हिलस्थित गुलाब उद्यानको पनि भ्रमण गरियो।

महाराज लगायत उहाँको टोलीद्वारा ६ सितम्बरको दिन तथागतसल, मैनाम गार्डन र राभाङला र बिरिङमा रहेको मानव उत्थान सेवा समितिको हंश आश्रमको भ्रमण गरियो। राभाङलाका विभिन्न स्थानको भ्रमण पछि सोझै पश्चिम जिल्लाको पेलिङ पुगेका मन्त्री महाराज तथा उहाँको टोलीद्वारा यस जिल्लामा स्थित होमस्टे लगायत यस प्रकारका अन्य परियोजनाको भ्रमण गरियो।

पेलिङस्थित पेमायाङ्सी गुम्पामा पुगेका सत्पाल महाराजले गुम्पामा प्रार्थना गर्दै लामाहरूसित भेटवार्ता गर्नुभयो। गुम्पाको भ्रमणअवधि आध्यात्मिक गुरू एवम् उत्तराखण्ड सरकारका मन्त्री सत्पाल महाराज लगायत उहाँको टोलीसित याङथाङ क्षेत्रकी विधायक सुश्री चन्द्रमाया सुब्बा, गेजिङका अतिरिक्त जिल्लापाल कर्मा लोजे लेप्चा तथा अन्य अधिकारीगणको उपस्थिति थियो।

मन्त्री सत्पाल महाराजको नेतृत्वमा रहेको नौं सदस्यीय अधिकारी टोलीद्वारा ७ सितम्बरका दिन याङथाङ क्षेत्रकी विधायक चन्द्रमाया राई, गेजिङका महकुमा अधिकाकारी, युकसामका खण्ड विकास अधिकारी लगायत अन्य अधिकारीगणको उपस्थितिमा खेचोपेरी पोखरी र यहाँस्थित टाशी छोलिङ धर्म केन्द्रको भ्रमण गरियो। यहाँ उहाँ लगायत उहाँको टोलीलाई पोखरीको इतिहास अनि गुम्पाको जानकारी क्याप्टेन योङदाले गराउनुभयो।

यसअघि मन्त्री लगायत टोलीद्वारा भालुथाङको भ्रमण गरियो जहाँ जैविक कृषक उत्पादक समूहद्वारा अधिकारीगणलाई विभिन्न जैविक उत्पाद देखाइयो। मन्त्री महाराज लगायत उहाँको टोलीद्वारा नरलेप-का अधिकारीहरूसित अन्तरक्रिया गर्दै जैविक कृषि प्रक्रिया अनि तक्नीकबाट आफ्नो राज्यममा पुग्ने सहयोगको बारेमा चर्चा गर्नुभयो।

चुमबुङस्थित लामथाङ रिट्रिट होमस्टेको भ्रमण गर्दै मन्त्रीले मालिकसित अन्तरक्रिया गर्नका साथै स्थानीयवासीले चलाउँदै गरेको होमस्टे र सरकारबाट प्राप्त हुने सहयोगको सम्पूर्ण जानकारी लिनुभयो। ३ सितम्बरका दिन राजधानी गान्तोक आइपुगेको मन्त्री लगायत उहाँको टोलीले अध्ययन भ्रमण पूरा गरी ८ सितम्बरका दिन आफ्नो राज्य फर्कियो।

# स्ट्रेन्थ लिफ्टिङ र इन्क्लाइन बेन्च प्रेस च्याम्पियनसिप समापन

**जोरथाङ।**
दुई दिवसीय तेस्रो राज्य स्तरीय स्ट्रेन्थ लिफ्टिङ अनि इन्क्लाइन बेन्च प्रेस च्याम्पियनसिप २०१८-को समापन भयो। जोरथाङ स्थित पञ्चशील भवनमा २ सितम्बरको साँझ भएको समापन समारोहमा सालघारी-जूम क्षेत्रका विधायक एवम् मन्त्री अर्जुन कुमार घतानी मुख्य अतिथि रहनुभएको थियो।
१ सितम्बरदेखि शुरू भएको कार्यक्रमको अन्तिम दिन मन्त्री घतानीको बाहुलीबाट कनिष्ठ, वरिष्ठ अनि मास्टरवर्गका विजयी लगायत अन्य प्रतिभागीलाई प्रमाणपत्र, पदक अनि ट्रफी प्रदान गरियो।
मन्त्रीलाई उहाँले पुऱ्याउनुभएको योगदानको कदर गर्दै आयोजक समितिद्वारा सम्ममान जनाइयो।
कार्यक्रममा अन्तरराष्ट्रिय स्ट्रेन्थ लिफ्टिङ महासंघ (आइएसएलएफ) अनि भारतीय स्ट्रेन्थ लिफ्टिङ महासंघका महासचिव बाबुल विकास पात्रनवीस लगायत अन्य अधिकारीगणको उपस्थिति थियो।
प्रतियोगिताको आयोजना खामबाचेस मसल हट जीमद्वारा सिक्किम स्ट्रेन्थ लिफ्टिङ संगठनसितकोसंयुक्त तत्वावधानमा गरिएको हो। विभिन्नवर्ग गरी १३७ जनाले भाग लिएको प्रतियोगितामा ३० प्रतिभागी महिला व्यवसायी रहेका थिए।

# आईसीएफएआई विश्वविद्यालयमा शिक्षक दिवस पालन

**गान्तोक।**
आईसीएफएआई विश्वविद्यालयमा पालन गरिएको शिक्षक दिवसको अवसरमा सिक्किमका राज्यपाल गंगा प्रसाद मुख्य अतिथि रहनुभएको थियो।
समारोहलाई सम्बोधन गर्नुहुँदै राज्यपाल प्रसादले भन्नुभयो, युवाहरू राष्ट्रका विश्वास अनि भविष्य हुन् त्यसकारण उनीहरूलाई सही र दह्रिलो आधारको आवश्यकता पर्दछ। सही सफलता प्राप्त गर्न, संघर्ष गर्न, पूर्ण क्षमतासम्म पुग्न र कडा मेहेनत गर्नका लागि कसैलाई पनि दिमाग र शरीरको ताकतको आवश्यकता पर्दछ, उहाँले भन्नुभयो। उहाँले विद्यार्थीहरूसित सही दृष्टिकोण, स्वअनुशासन अनि आफ्नो आवश्यकता भन्दा पहिला आफ्नो लक्ष्य राख्ने क्षमताको बारेमा सोध्नुभयो कि के तपाईहरू वास्तवमा सफलतासम्म पुग्ने दिशामा प्रेरित हुनुहुन्छ। उहाँले देशका पूर्व राष्ट्रपति डा. अब्दुल कलाम अनि भारतका प्रथम उपराष्ट्रपति डा. राधा कृष्णनको उदाहरण दिनुभयो।
समारोहको अवसरमा गान्तोकस्थित तादोङ बहाइ विद्यालयकी शिक्षिका दिपा छेत्री, वेस पोइन्ट वरिष्ठ माध्यमिक विद्यालयका शिक्षक देउराज बागदास, केन्द्रिय विद्यालयका शिक्षक मोइजुर रेहमान, इन्चे वरिष्ठ माध्यमिक विद्यालयकी छिरिङ लोडे, बृहस्पति परसाइ सरकारी वरिष्ठ माध्यमिक विद्यालयकी मिना छेत्री, गान्तोकस्थित आर्मी पब्लिक विद्यालयका प्रवेश राई, सिच्छेस्थित प्रशान्ति विद्या मन्दिर माध्यमिक विद्यालयका नरदिप छेत्री, पालजर नामग्याल कन्या वरिष्ठ माध्यमिक विद्यालयका श्याम प्रधान, मोडर्न वरिष्ठ माध्यमिक विद्यालयकी सुसन भोटिया, गान्तोकस्थित टाशी नामग्याल अकादमीकी सञ्जिता भोटिया, सर टाशी नामग्याल वरिष्ठ माध्यमिक विद्यालयकी बिना शर्मा, तादोङ सरकारी वरिष्ठ माध्यमिक विद्यालयकी सुसिला खवास, देउराली सरकारी कन्या वरिष्ठ माध्यमिक विद्यालयकी रोसना प्रधान अनि सिच्छेस्थित प्रशान्ति विद्या मन्दिर माध्यमिक स्कूलकी ओम कुमारी प्रधानलाई आईसीएफएआई विश्वविद्यालय विशिष्ट शिक्षक पुरस्कार २०१८-ले सम्मानित गरियो।
विधायक डीआर थापा, सिक्किम मनिपाल विश्वविद्यालयका उपकुलपति डा. एमडी भेङ्कटेश विशिष्ट अतिथिका रूपमा रहनुभएको थियो।

# सेना-एसएसबीबीचको भाईचारा र सहकार्यता बढ्नेछः डीआइजी

**रानीडङ्गा।**
सशस्त्र सीबमा बल (एसएसबी) अनि १९२ भारतीय सेनाको क्षेत्रीय पलटनको २५ दिन लामो संयुक्त ट्रेकिङ अभियान ३ सितम्बरदेखि शुरू भयो। पश्चिम सिक्किम भारत-नेपाल सीमाको उत्तरेस्थित एसएसबी सीमा चौकीमा आयोजित एक समारोहमा मुख्य अतिथि रहनुभएका सशस्त्र सीमा बल, गान्तोक क्षेत्रका उपमहा निरीक्षक (डीआइजी) बीके पलद्वारा हरियो झण्डी देखाएर ट्रेकिङ अभियानको टोलीलाई प्रस्थान गराइयो।
समारोहलाई सम्बोधन गर्नुहुँदै डीआइजी पलले भन्नुभयो, सिक्किम क्षेत्रमा सेना अनि एसएसबी-बीचको पहिलो संयुक्त अभियान हुनका साथै यस प्रयासबाट एकार्कामा भाईचारा, आपसी समझ अनि सहकार्यता बढेर जानेछ। यस क्षेत्रमा सीमानालाई अझ सुरक्षित बनाउनका लागि दुई सेनामाझको सम्झौताले आगामी दिनमा हुने कार्यका निम्ति सहयोग पुग्नेछ। यस अतिरिक्त सेनाले एसएसबी-सित मिलेर आगामी दिनमा अन्य कार्यक्रममा पनि सहभागिता जनाउनेछन् भन्ने कुरामा उहाँले विश्वास व्यक्त गर्नुभयो।
यस प्रकारको अभियान आयोजन गरेकोमा बीके पलले सेना निकायप्रति खुशीव्यक्त गर्नुहुँदै सबै प्रतिभागीलाई शुभकामना दिनुभयो।
संयुक्त पहलमा आयोजित अभियानमा सेनाको तर्फबाट दुई अधिकारी, दुई कनिष्ठ आयुक्त अधिकारी अनि दश अन्य लगायत एसएसबी-बाट दुईजना अधिकारी, दुईजना अधिनस्थ अधिकारी र दशजना अन्य रहेका छन्। उत्तरेबाट प्रस्थानभएको यस टोलीले २५ दिनमा युकसामलाई समेट्ने कुराको जानकारी गराइएको छ।

# एससीए अनलाइन स्कोरिङ पार्टनरसित जोडिया

**गान्तोक।**
सिक्किम क्रिकेट संगठन (एससीए) आफ्नो अनलाइन स्कोरिङ पार्टनरको रूपमा क्रिकहिरोस (क्रिकेट स्कोरिङ एप्लिकेशन)-सित जोडिएको छ।
क्रिकहिरोसको माध्यमबाट अन्तरराष्ट्रिय खेलमा जस्तै स्थानीय क्रिकेट खेल अनि प्रत्यक्ष प्रतियोगिताको स्कोर देखाइनेछ। यस एप्लिकेशनमा कसैले पनि आफ्नो दल, प्रत्येक खेलाडी अनि दलको आँकडा समावेश गर्नका साथै आफ्नो स्कोरको विश्लेषण गर्न र आफ्ना सफलताहरू आदिलाई साझा गर्न सक्नेछन्।
क्रिकहिरोसका सहसंस्थापक मित साहले एप्लिकेशनको कसरी प्रयोग गर्नु अनि प्रत्येक बलको स्कोर कसरी अप्डेट गर्नु भन्ने विषयमा जानकारी गराउनुभयो।


## भू-राजस्व तथा आपदा प्रबन्धन विभाग
## सिक्किम सरकार, मनन् केन्द्र

संख्या १४/एलआरडीएमडी/ओसीक्यू/जीओसी मितिः ०१/०९/२०१८

**भूमि अधिग्रहण, पुनर्वास अनि पुनःस्थापना ऐन, २०१३ (२०१३-को ऐन ३०)-मा उचित क्षतिपूर्ति अनि पारदर्शीता अधिकारको धारा ११(१)-अन्तर्गत प्रारम्भिक अधिसूचना**

यद्यपि, यो कुरा राज्यपालको संज्ञानमा आएको छ कि सार्वजनिक उद्देश्यले उत्तर सिक्किमको लाचुङ खण्डस्थित दोगयेथाङमा भारत-तिब्बत सीमा पुलिस सेना (आईटीबीपी)-को ४८औं बाहिनीद्वारा कोलोनियल मुख्यालय स्थापनाका लागि जमीन आवश्यक हुनसक्छ। यहाँबाट सूचित गरिन्छ कि तल उल्लेखित "**सम्पतिको सूचि**"-मा सामेल गरिएका भू-कर सम्बन्धित विभिन्न जमीनका टुक्राको प्लट संख्या ७३१ अनि अधिक अथवा परिमाण लगभग ०.१२०० हेक्टेयर (नीजि जमीन) उत्तर सिक्किमको लाचुङ खण्डभित्र सार्वजनिक खर्चमा उपरोक्त सार्वजनिक उद्देश्यका लागि आवश्यक हुन सक्छ।

### सम्पतिको सूचि

**लाचुङ खण्ड**
परिमाण लगभग ०.१२०० हेक्टेयर अनि प्लट संख्या ७३१ भएको नीजि जमीन।

**सीमानाहरू**
पूर्वमाः सिक्किम सरकार खासमल अनि केन्द्र सरकार।
पश्चिमः सिक्किम सरकार खासमल अनि छेङ्गा पिन्सो भोटिया।
उत्तरः छेङ्गा पिन्सो भोटिया, सिक्किम सरकार खासमल।
दक्षिणः केन्द्र सरकार अनि दावा टाशी भोटिया

यस प्रारम्भिक अधिसूचनामा निर्धारण गरिएअनुसार उत्तर जिल्लाका जिल्लापालको अग्रिम स्वीकृति बिना कुनै पनि व्यक्तिले जमीनको कुनै पनि लेनदेन गर्न अथवा लेनदेनको कारण बनाउन अथवा यो अधिसूचना प्रकाशित भएको मितिबाट यस प्रकारको जमीनमा कुनै पनि बाधा सीर्जना गर्न पाउनेछैन।
यस जमीनको योजना जिल्लापाल, उत्तर सिक्किम, मगनको कार्यालयमा हेर्न सकिनेछ।

आदेश अनुसार
**एसडी/-**
**(सेगल टाशी), आईएएस**
**आयुक्त एवम् सचिव,**
**भू-राजस्व एवम् आपदा प्रबन्धन विभाग**
**सिक्किम सरकार**
मिसिल संख्या ४७८/एलआरडीएमडी/एसीक्यू/जीओएस


# सिक्किम प्रतिभा प्रतिष्ठानद्वारा ४७औं गोरेटो बिसौनी पालन

**पाकिम।**
सिक्किम प्रतिभा प्रतिष्ठान पाकिमद्वारा पाकिम ग्राम प्रशासनिक केन्द्रको हलमा साहित्यिक कार्यक्रम ४७औं गोरेटो बिसौनी अनि २७औं भाषा मान्यता दिवस पालन गरियो। मन्त्री डीटी लेप्चा मुख्य अतिथि रहेको कार्यक्रममा माणीज्य एवम् उद्योग विभाग अध्यक्ष छोपेल जाङपो भोटिया, यस जिल्लाका पूर्व अध्यक्ष पीएन काजी, जिल्ला पञ्चायत प्रिमुला शंकर, साहित्यकार, अवकार प्राप्त अधिकारी, पाकिम वरपरको विद्यालयका शिक्षक-शिक्षिका लगायत विद्यार्थीहरूको भारी उपस्थिति थियो।
यस कार्यक्रमको आयोजना गर्नका साथै नेपाली भाषाको उन्नतीको निम्ति गरिएको कार्यक्रमको सराहना गर्नुहुँदै मन्त्री लेप्चाले नेपाली भाषालाई अन्तरराष्ट्रिय स्तरमा पुऱ्याउने दिशामा सोच्न अनि काम गर्न सबैसित आग्रह गर्नुभयो। नेपाली भाषाले भारतीय संविधानको आठौं अनुसूचिमा मान्यता पाउने सुअवसर प्राप्त गरेको भए तापनि यो भाषा अन्तरराष्ट्रिय स्तरमा पुग्नमा पछि परिरहेको छ भन्ने विषयमा हामीले चिन्तन मनन् गर्न अति आवश्यक छ भनी उहाँले उपस्थित साहित्यकार लगायत आयोजक समितिसित आग्रह गर्नुभयो।
उहाँले अघि भन्नुभयो, यो यस्तो भाषा हो जसले हामीलाई एकार्कामा कुरा गर्न सहयोग पुऱ्याउँछ अनि यदि अंग्रेजी भाषा विश्व स्तरमा प्रख्यात हुन सक्छ भने हामी नेपाली भाषालाई त्यस स्तरसम्म पुऱ्याउन किन सक्नैनौं। हामीले नेपाली भाषालाई विश्व स्तरमा पुऱ्याएको खण्डमा हाम्रो भाषा अनि संस्कृतिको उन्नती हुनेछ भन्नुहुँदै हामीले लेखकहरूलाई सहयोग अनि समर्थन गर्नका लागि अवश्य रूपमा नेपाली पत्र-पत्रिका साथै नेपाली भाषामा लेखिएका पुस्तकहरू किनेर अध्ययन गर्न आवश्यक छ भन्ने कुरामाथि जोड दिनुभयो। हामी सिक्किमे भएको नातामा हाम्रो भाषालाई सहयोग पुऱ्याउनका लागि हामी सबै एक्यबद्ध हुनुपर्छ।
यस अवसरमा कविता पठन गर्ने सबैलाई बधाइ दिँदै कविता पठन गरेझैं सबैलाई उहाँले व्यवहारिक भएर जीउन आग्रह गर्नुभयो। हामी हाम्रो जातीय वेष भूषा पहिरेर हिडनेहरूलाई होइन तर टाई सुटमा हिडनेहरूलाई इज्जत गर्छौं, उहाँले अघि भन्नुभयो।
मन्त्री लेप्चाले अक्टोबर महिनादेखि पाकिम हवाइअड्डा सञ्चालनमा आउने कुराको जानकारी गराउनुहुँदै यो कुरा पाकिम लगायत सिक्किमवासीका निम्ति धेरै राम्रो कुरा हो भनी बताउनुभयो। पाकिममा नयाँ अवसरहरू आएका छन् अनि ऊर्जावान युवाहरू अघि आएर व्यापार शुरू गर्नुपर्छ, उहाँले भन्नुभयो।


## सिक्किम राज्य व्यापार निगम

(सिक्किम सरकार अधिनस्थ)
**देउराली, गान्तोक -७३७१०२**
दूरभाष सङ्ख्या ०३५९२-२८१९५५,२८१९५६, २८१९५७
फ्याक्स ०३५९२-२८१९५४

Email:stcs 1972gmail.com

एनआईटी संख्याः एसटीसीएस/आईएण्डएस/१२८/आरएण्डबी/२०१८-१९
मिति ०५.०९.२०१८
आरओ संख्या ३३२/आईपीआर/पीयूबी/क्लासी/१८-१९

### निविदा आमन्त्रण सूचना

प्राधिकृत विक्रेताहरूबाट मेटल बिम क्यास बेरियरको आपूर्तिका लागि विभिन्न निर्माताहरूबाट मोहरबन्द निविदा आमन्त्रण गरिन्छ।
नियम अनि शर्तसहित सामग्रीको पूर्ण सूचिका विषय विस्तार जानकारी हाम्रो वेबसाइट www.stcsikkim.in बाट प्राप्त गर्न सकिनेछ।

**प्रबन्धन निदेशक**

# सामाजिक न्याय तथा सशक्तिकरण मन्त्रालयका प्रतिनिधिद्वारा दव्याङ्गी गतिविधिको समिक्षा

**गान्तोक।**

भारत सरकारको सामाजिक न्याय तथा सशक्तिकरण मन्त्रालयको दिव्याङ्गी व्यक्तिहरूका लागि मुख्य आयुक्त डा. कमलेश कुमार पाण्डे राज्यमा दिव्याङ्गीहरूको क्षेत्रमा गरिएका गतिविधिहरूको समिक्षा गर्ने उद्देश्यले दुई दिवसीय सिक्किम भ्रमणमा रहनुभएको थियो। मुख्य आयुक्तसित राज्यको समिक्षा भ्रमणमा भारत सरकारको दिव्याङ्गीहरूका लागि उपआयुक्त डा. सञ्जय कान्त प्रसाद पनि रहनुभएको थियो। मुख्य आयुक्तले दिव्याङ्गीको बारेमा काम गर्ने नोडल विभागको रूपमा रहनुभएका सिक्किम सरकारको सामाजिक न्याय, सशक्तिकरण एवम् कल्याण विभागका सचिव लगायत वरिष्ठ अधिकारीहरूसित भेट गर्नुभयो।

५ सितम्बरका दिन लुमसेस्थित समाज कल्याण भवनमा भएको भेटको अवसरमा मुख्य आयुक्तलाई विभागद्वारा राज्यमा दिव्याङ्गीहरूका लागि कार्यान्वित गरिएका योजना अनि कार्यक्रमको बारेमा विभागीय सचिव सरला राईले संक्षिप्त रूपमा जानकारी गराउनुभयो। सो अवसरमा मुख्य आयुक्तको बाहुलीबाट समाज कल्याण भवनसित जोडिएको भवनमा दिव्याङ्गी व्यक्तिहरूका लागि नवस्थापित राज्य आयुक्तको कार्यालयको उद्घाटन गरियो। लाइन विभागका विभिन्न अधिकारीहरूसित भेट गर्नुहुँदै मुख्य आयुक्त डा. कमलेश कुमार पाण्डेले दिव्याङ्गीहरूसित सम्बन्धित विभिन्न गतिविधिहरूको विस्तृत रूपमा समिक्षा लिनुभयो।

यस अवसरमा उपस्थित लाइन विभागहरूमा स्वास्थ्य हेरचाह, मानव सेवा एवम् परिवार कल्याण विभाग, मानव संसाधन विकास विभाग, परिवहन विबाग, शहरी विकास एवम् आवास विभाग, विज्ञान एवम् प्रौद्योगीकी, सूचना तक्नीकी लगायत सामाजिक न्याय, सशक्तिकरण एवम् कल्याण विभाग हुन्। सभाको अवसरमा मुख्य आयुक्तले राज्यका सबै दिव्याङ्गी व्यक्तिहरूका निम्ति प्राथमिकताका साथ दिव्याङ्गी प्रमाणपत्र जारी गरिनुपर्ने कुरामाथि विचार गर्नुभयो। उहाँले जानकारी गराउनुभएअनुसार भारत सरकारले अद्वितीय दिव्याङ्गी पहिचान (यूडीआइडी) प्रदान गर्ने नयाँ योजना शुरू गरेको छ। केन्द्र सरकारको प्रायोजनामा शुरू गरिएको यो योजना देशभरि मान्य हुनेछ। विशेषगरी यूडीआइडी कार्यान्वयनका लागि विभागद्वारा नियुक्त गरिएका राज्य समन्वयकहरूलाई प्रशिक्षण दिन बाँकी रहेको कुरालाई ध्यानमा राख्दै उहाँले यस विषयलाई प्राथमिकता दिन सामाजिक न्याय, सशक्तिकरण एवम् कल्याण विभागसित आग्रह गर्नुभयो।

मुख्य आयुक्तले अघि भन्नुभयो, प्रत्येक विद्यालयहरूमा विशेष शिक्षक नियुक्त गर्न अनि दिव्याङ्गी नानीहरूलाई सहायता उपलब्ध गर्ने उद्देश्यले विशेष शिक्षकहरूलाई प्रशिक्षित गराउनका लागि सरकारले प्रशिक्षण संस्थान स्थापित गर्न आवश्यक विषयलाई दिव्याङ्गी व्यक्ति ऐन, २०१६-को अधिकारमा उल्लेख गरिएको छ। केन्द्र सरकारद्वारा वर्ष २०१५-को दिसम्बर महिनामा शुरू गरेको ''शुलभ भारत अभियान''-को आधारमा दिव्याङ्गी व्यक्तिहरूलाई सहजता उपलब्ध गर्नका लागि राज्य सरकारद्वारा चयन गरिएका सबै ३५-वटा भवनमा विशेष सुविधा उपलब्ध हुनुपर्छ, आयुक्तले भन्नुभयो।

मुख्य आयुक्त डा. पाण्डेले दिव्याङ्गी व्यक्तिहरूका शिकायतको निवारण साथै उनीहरूका लागि राज्य सरकारद्वारा छोडिएको कोषको निगरानीका लागि अर्ध न्यायिक जिम्मेवारी निभाउने पूर्णकालिक राज्य आयुक्त नियुक्त गर्नुपर्ने विषयमा जोर दिनुभयो।

मुख्य आयुक्तले राज्यका मुख्य सचिव एके श्रीवात्तवसित मनन् केन्द्रमा भेट गर्नुहुँदै राज्यमा दिव्याङ्गी व्यक्ति ऐन, १९९५ अनि दिव्याङ्गी व्यक्तिहरूको अधिकार ऐन, २०१६ कार्यान्वित गरिनुपर्ने जस्ता मुद्दाहरूमाथि चर्चा गर्नुभयो। यसका साथै मुख्य आयुक्तले ५ सितम्बरको साँझपख राजभवनमा सिक्किमका राज्यपाल गंगा प्रसादसित पनि भेट गर्नुभयो अनि सिक्किममा आफ्नो समिक्षा भ्रमणको उद्देश्य अनि परिणामबारे अवगत गराउनुभयो।

राज्यपाल अनि मुख्य सचिवसितको भेटको अवसरमा उहाँले दिव्याङ्गी व्यक्तिहरूको भलाइका निम्ति राज्यमा गरिनुपर्ने विभिन्न कार्यबारे चर्चा गर्नुभयो। दिव्याङ्गी व्यक्तिहरूका निम्ति रहेका कार्यक्रमहरूलाई अझ जोर दिने उद्देश्यले राज्य सरकारले छुट्टै दिव्याङ्गी निर्देशालय स्थापित गर्नुपर्ने, पूर्ण कालिक दिव्याङ्गीहरूका लागि छुट्टै राज्य आयुक्त नियुक्त गर्नुपर्ने आदि जस्ता विषयहरू रहेका छन्।

# मुख्यमन्त्रीद्वारा राज्य डेटा साझाकरण पोर्टलको शुरूवात

**गान्तोक।**

मुख्यमन्त्री पवन चामलिङले प्रधान सचिव एवम् विकास आयुक्त भीबी पाठक लगायत निर्देशक इरिना ओ चिङ्गापा, डीईएसएमई-की अतिरिक्त निर्देशक एसके प्रधान र आइटी साथै डीईएसएमई-का अधिकारीहरूको उपस्थितिमा राज्य डेटा साझाकरण अनि पहुँच योग्य प्लेटफार्म (एसडीएसएपी) पोर्टल अनि राज्य प्रत्यक्ष लाभ हस्तान्तरण (डीबीटी) पोर्टलको शुरूवात गर्नुभयो। एसडीएसएपी र राज्य डीबीटी पोर्टल शीघ्र अनि सहज रूपमा रेकर्ड गर्नका साथै साङ्ख्यिकी उत्सवको प्रचारका लागि सूचना प्रबन्धन प्रणाली हो। यो प्लेटफर्म राज्य सरकारका सबै विभाग, पीएसयू लगायत सरकारी कर्मचारीहरूले डेटा प्रकाशित गर्न, सेट गर्न र राज्य सरकारका प्रत्येक विभागको सेवा प्रयोग गरुन भन्ने उद्देश्यले शुरू गरिएको हो।

यसको माध्यमबाट सरकारको कार्यमा पारदर्शितालाई बढाउन अनि सरकारका धेरै नविन्तम विचारको प्रयोगका लागि मार्ग खुल्ला गर्न प्रमाणिक साथै समयमा आधिकारिक आँकडा र वृहत सामाजिक आर्थिक संकेतकको प्रचार गर्ने इच्छा रेखेको छ। डीएसएपी-ले सूचना पहुँचमा सुधारमात्र नभएर संकलन अनि प्रकाशित गरिने नयाँ डेटा सेट र रेकर्ड निर्दिष्ट गर्ने अवसर उपलब्ध गर्दछ।

आवश्यक भएको नयाँ डेटा मजबुत बनाउनमा सहयोग पुऱ्याउनका साथै यसले नीतिको अपडेट अथवा संसोधनको आवश्यकताबारे सूचित गर्दछ।

# निर्वाचन अधिकारीद्वारा बर्फुङ-जारङवार्ड उपचुनाउको अधिसूचना जारी

**नाम्ची।**

सिक्किम राज्य निर्वाचन आयोगद्वारा ४ सितम्बरका दिन जारी अधिसूचना संख्या ०४/एसईसी/२०१८ अनि दक्षिण जिल्ला निर्वाचन अधिकारी एवम् दक्षिणका जिल्लापालद्वारा सोही दिन जारी सूचना संख्या ३१०८/डीसीएस/निर्वाचनअनुसार बर्फुङ-जारङ ग्राम पञ्चायत एकाइ (जीपीयू)-को अनेथाङ वार्डमा ६ अक्टोबरका दिन हुने उप-चुनाउलाई लिएर दक्षिण जिल्ला निर्वाचन अधिकारी एवम् जिल्लापालले ७ सितम्बरका दिन अधिसूचना जारी गर्नुभएको छ। निर्वाचन अधिकारीले अधिसूचना जारी गर्नुहुँदै भन्नुभएको छ, यस वार्डमा हुने उपचुनाउका लागि केन्द्रिय अन्य पछौटे वर्ग (ओबीसी)-बाट महिला उम्मेद्वार रहनेछिन्।

उम्मेद्वार अथवा उनको प्रस्थावकले नामाङ्कन पत्र निर्वाचन अधिकारी अथवा सहायक निर्वाचन अधिकारी समक्ष नाम्चीको जिल्ला प्रशासनिक केन्द्रस्थित अतिरिक्त जिल्लापाल कार्यालयमा बुझाउनुपर्नेछ। यो नामाङ्कन पत्र सरकारी बिदाको दिन बाहेक ११ सितम्बरसम्म कार्यालय समयको बिहान ११-देखि बेलुकी ३ बजीसम्ममा दिनुपर्नेछ। नामाङ्कन पत्र सोही स्थान अनि समयमा प्राप्त हुने जानकारी छ।

उहाँले अघि बताउनुभएअनुसार १२ सितम्बरको विहान ११ बजी नामाङ्कन पत्र जाँचका लागि नाम्चीको जिल्ला प्रशासनिक केन्द्रस्थित निर्वाचन अधिकारीको कार्यालयमा लगिनेछ। उम्मेद्वारिता वापस लिने सूचना उम्मेदवार अथवा उहाँको चुनाउ एजेन्टले १४ सितम्बर शुक्रबारका दिन बेलुकी ३ बजी भन्दा अघिसम्ममा निर्वाचन अधिकारी अथवा सहायक निर्वाचन अधिकारी समक्ष अतिरिक्त जिल्लापालको कार्यालयमा बुझाउनुपर्नेछ। यस वार्डमा ६ अक्टोबर शनिबारको बिहान ८-देखि बेलुकी ४ बजीसम्म निर्वाचन हुनेछ।

स्वतन्त्र अनि निष्पक्ष पञ्चायत उपचुनाउ सम्पन्न गराउनका लागि ४ सितम्बरदेखि प्रभावी बनेको आचार संहिता चुनाउ प्रक्रिया पूरा भएको दिनसम्म लागू हुनेछ। यो सिक्किम राज्य निर्वाचन आयोगको परिपत्र संख्या १८१/एसईसी/२०१९ मितिः ०४/०९/२०१८ अनुसार सम्बन्धित ग्राम पञ्चायत एकाइमा लागू हुनेछ।

# पश्चिम जिल्ला प्रशासनद्वारा दुईवटा बाल गृहको भ्रमण

**गेजिङ।**

गेजिङका महकुमा अधिकारी तुसार निखारेको नेतृत्वमा रहेको पश्चिम जिल्ला प्रशासनको एउटा टोलीले ५ सितम्बरका दिन बेगास्थित आशिर्वाद बालिका गृह अनि हि-गाउँस्थित केङमारी बाल गृहको भ्रमण गरेको छ। भ्रमण टोलीमा महकुमा अधिकारीसित गेजिङ पुलिस स्टेशनका एसडीपीओ मनिष बर्मा र पश्चिमकी जिल्ला बाल सुरक्षा अधिकारी छुमसाङ पालदेन रहनुभएको थियो।

यी संस्थानहरू किशोर न्याय ऐनको मानदण्ड अनुरूप चल्दैछन् या छैनन् भन्ने उद्देश्यले यो भ्रमण गरिएको हो। यस भ्रमणमा देन्तामका खण्ड विकास अधिकारी जेपी छेत्री, सीडब्ल्यूसी सदस्य र सामाजिक कार्यकर्ताहरू पनि रहनुभएको थियो। भ्रमण टोलीद्वारा सम्बन्धित निकायसमक्ष केही सकारात्मक सुझाउहरू राखियो।

# रङ्गेलीमा मातृ वन्दना सप्ताह पालन

**रङ्गेली।**

रङ्गेली ग्रामीण परियोजना, रङ्गेली क्षेत्र दुईद्वारा ५ सितम्बरका दिन प्रधानमन्त्री मातृ वन्दना योजना (पीएमएमभीवाइ)-अन्तर्गत मातृ वन्दना सप्ताह पालन गरियो। रङ्गेली एकिकृत बाल विकास सेवा (आइसीडीएस) केन्द्रमा सम्पन्न कार्यक्रममा सीडीपीओ केबी सुब्बा, यस जोनकी निरीक्षक छिमि डेङ्का भोटिया, मान्यताप्राप्त सामाजिक स्वास्थ्य कार्यकर्ता (एएसएचए), आगनवाडी कार्यकर्ता, गर्भवती महिला लगायत अन्यको उपस्थिति थियो।

सीडीपीओ सुब्बाले महिला अनि शिशुहरूको समग्र विकास र उन्नतीका लागि केन्द्र अनि राज्य सरकारले कार्यान्वित गरेका विभिन्न योजनाको बारेमा जानकारी गराउनुभयो। उहाँले पीएमएमभीवाइ योजनाको महत्वमाथि प्रकाश पार्नुहुँदै योजनाअन्तर्गत १ अप्रेल २०१६-देखि गर्भवती भएका अनि परिचारिका माता साथै पहिलो जीवित सन्तानका माताहरू यस लाभका लागि योग्य हुने कुराको जानकारी गराउनुभयो। योजनाको शर्त पूरा गरेको खण्डमा उनीहरूले तीन किस्ता गरेर रू. ५००० हजारको प्रोत्साहन राशी प्राप्त गर्नेछन् भनी उहाँले बताउनुभयो।

# एफपीई र आईसीएस प्रबन्धनमाथि प्रशिक्षण आयोजित

**गान्तोक।**

फर्मेन्टेड प्लान्ट एक्स्ट्रेक्ट (एफपीई) अनि आइसीएस प्रबन्धनमाथि माभिदिर सेवा प्रदाता एजेन्सीद्वारा पश्चिम जिल्लाको लोअर श्रीबदामका कृषकहरूका लागि ७ सितम्बरका दिन वार्ड स्तरीय प्रशिक्षण कार्यक्रम आयोजन गरियो।

बढा सामदोङ ग्राम पञ्चायत एकाइको लोअर श्रीबदाम वार्डमा सम्पन्न कार्यक्रममा पञ्चायत सभापति गोपाल कृष्ण दर्जी, बागवाणी विभाग अधिकारी दिलिप कुार गुरूङ, स्थलगत सहायक मनबहादुर गुरूङ अनि माभिदिरकी प्रमुख प्रशिक्षक ल्हाजोङ भोटिया उपस्थित रहेका थिए।

यस स्थानमा पाइने विभिन्न बोट बिरूवाको प्रयोग गरेर तयार पारिने फर्मेन्टेड प्लान्ट एक्स्ट्रेक्टको बारेमा प्रमुख प्रशिक्षक ल्हाजोङले उपस्थित प्रतिभागीहरू अघि प्रदर्शनी गराउनुभयो। उहाँले यसलाई तयार पार्नका लागि आवश्यक वस्तुहरूको बारेमा पनि कृषकहरूलाई अवगत गराउनुभयो।

# पैह्रोले प्रभावित स्थानको पञ्चायत-को टोलीद्वारा निरीभण

**गान्तोक।**

५ सितम्बरको राति आएको भारी वर्षाका कारण गएको पैह्रोले प्रभावित पारेका आसाम लिङजे ग्राम पञ्चायत एकाइका धेरै गाउँहरूको जिल्ला पञ्चायत सेभरिन राई, पञ्चायत सभापति गणेश छेत्री, उपसभापति मिना सुब्बा, पञ्चायत सदस्य दावा छिरिङ भोटिया, नरेन्द्र राई, सुकमाया विश्वकर्मा, पञ्चायत निरीक्षक, ग्राम विकास केन्द्रका कर्मचारीको टोलीद्वारा भ्रमण गरियो।

पैह्रोका कारण यी स्थानमा सडक पिउने पानी अनि घर प्रभावित भएका थिए। भारी वर्षाका कारण गएको पैह्रोले डाँडा गाउँ, सुब्बा गाउँ, तामला गाउँ, आसाम लिङजे वरिष्ठ माध्यमिक विद्यालय मुनीको गाउँ, राई गाउँ, सुन्दर गाउँ, भोटिया गाउँ अनि जिलो पोइन्ट मुनीका गाउँहरूलाई प्रभावित बनाएको थियो।

भ्रमण टोलीद्वारा प्रभावित स्थानको भ्रमण गरेर स्थितिको जायजा लिँदै सम्बन्धित निकाय पूर्वका जिल्लापाल कपिन मिना, नानडोककी खण्ड विकास अधिकारी सारिका राई, सहायक अभियन्ता विक्रम तिवारी आदिलाई अवस्थाको जानकारी गराएको थियो। सडक मार्ग तत्कालै सफा गरेकोमा पञ्चायतद्वारा पीडब्ल्यूडी र पीएमजीएसवाइ-का सहायक अभियन्ता अन्य अधिकारीगणप्रति कृतज्ञता व्यक्त गरियो।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps. 11.09.2018